# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः १ | संख्याः३६ | मितिः २०८१।०९।०९ |
|---|---|---|

## भाग-२

# इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

**संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८१**

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०८।०६

प्रमाणीकरण मितिः २०८१।०९।०९ गते

# संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

इनरुवा नगरपालिका क्षेत्रभित्र सामाजिक, सांस्कृतिक आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ,

इनरुवा नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. **संक्षिप्त नामः**

(१) यस कार्यविधिको नाम इनरुवा नगरपालिकाको संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको सघं, संस्था, क्लव, मण्डला, परिषद, अध्ययन केन्द्र, समुह आदि सम्झनु पर्छ र सो शब्दले मैत्री सघं समेतलाई जनाउँछ ।

ख) "नगरपालिका" भन्नाले इनरुवा नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "प्रमुख" भन्नाले इनरुवा नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ ।

घ) "उपप्रमुख" भन्नाले इनरुवा नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इनरुवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) "कार्यालय" भन्नाले इनरुवा नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) "वडा कार्यालय" भन्नाले इनरुवा नगरपालिकाको सबै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ ।

ज) "सम्बन्धित शाखा" भन्नाले हाललाई कार्यालयको प्रशासन शाखा सम्झनु पर्दछ ।

झ) "कार्यसमिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको समिति सम्झनु पर्दछ ।

ञ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि तथा कार्यपालिकाले निर्णय गरी तोकिएको भन्ने बुझ्नु पर्दछ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

४. **संस्थाको दर्ता र नविकरणः**

(१) संस्था स्थापना गर्न चाहने कम्तीमा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि तोकिए बमोजिमको समितिको सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ता भित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरि प्रमाण-पत्र दिईनेछ । उक्त सिफारिस समितिको अध्यक्षता नगर प्रमुखले तोकेको एकजना कार्यपालिका सदस्य र सम्बन्धीत वडा अध्यक्ष वा निजले तोकेको सोही वडाको एक जना जनप्रतिनिधि सहित कम्तिमा पाँच सदस्यिय हुनेछ ।

(३) उपदफा (२) वमोजिमको समितिवाट सीफारिससहित प्राप्त निवेदन जाँचवुझ गरि संस्था दर्ता गर्न उचित ठानेमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरि अनुसूची ३ वमोजिमको अभिलेख राखी अनुसूची ५ को ढाँचामा संस्था दर्ताको प्रमाणपत्र दिनेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजूरी दिन सक्नेछ ।

(५) उपदफा (४) वमोजिमको उजूरी प्राप्त भएपछी नगर प्रमुखले आवश्यक जाँचवुझ गरि त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहर्याएमा सो संस्था दर्ता गर्न आदेश दिन सक्नेछ र त्यस्तो आदेश अनुसार अख्तियारवालाले संस्था दर्ता गरिदिनुपर्नेछ ।

(६) दर्ता/नविकरण दस्तुर नगरपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ ।

७) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गरिसक्नु पर्नेछ । सो पश्चात नविकरण गरेमा नविकरण शुल्कमा २५ प्रतिशत थप रकम लिइनेछ ।

५. **संगठित संस्था मानिनेः**

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्तिसरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

६. **संस्थाको सम्पतिः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेको ठहरेमा नगरपालिकाले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरि कार्यालयले गरेको कारवाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोके बमोजिम पुनरावेदन गर्न सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्ने:**

यो कार्यविधि प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नर्भइ स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र यो कार्यविधि बमोजिम अनिवार्य दर्ता गराउनु पर्नेछ ।

**८. अघी दर्ता भई स्थापना भएका संस्थाले नविकरण गर्ने:**

(१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि सघीय संसदवाट जारी भएको संघ संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता भई नगरपालिका क्षेत्रमा मुख्य कार्यालय स्थापना वा कार्यक्षेत्र रहने गरि स्थानीय स्तरमा निरन्तर सञ्चालित संस्थाहरुले तोकीएको दस्तुर बुझाई नविकरण गर्न आएमा यसै कार्यविधिका आधारमा नविकरण गरिदिनुपर्नेछ ।

(२) उपदफा १ वमोजिम नविकरणका लागि आउने संस्थालाई पुरानो दर्ता नं, मिति र प्रमाणपत्र जारी गर्ने कार्यालयको अभिलेख खुलाई यसै कार्यविधि वमोजिम नयाँ दर्ता नं. दिई प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

**९. संस्थाको उद्देश्यहरुमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अन्य कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरि सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सो प्रस्ताव लागू गर्न नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**१०. हिसावको विवरण पठाउनु पर्ने:** (१) कार्य समितिले सामाजिक परीक्षण गरि आफ्नो संस्थाको हिसाबको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष नगरपालिकामा पठाउनु पर्नेछ ।

**११. हिसाब जाँच गर्ने:**

(१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब-किताब कार्यालयको अधिकार प्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा नगर कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न/गराउन आदेश दिनेछ ।

**१२. <u>निर्देशन दिनेः</u>**

(१) इनरुवा नगरपालिकाले नगरपालिकामा दर्तामा रहि सञ्चालित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु संवन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१३. <u>दण्ड सजायः</u>**

(१) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाको प्रवन्ध समितिको सदस्यहरुलाई नगरपालिकाले जनही पाँच हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई दण्ड सजाय गरिने छैन।

(३) दफा (१०) को उपदफा (२) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकारी वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको पश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई कार्यालयले एक हजार रुपैंयासम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम कार्यालयको पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुनेगरि काम कारवाहि गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा नगरपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

(५) नगरपालिकाभित्र सञ्चालित संस्थाहरुको विषयमा छानविन गर्न र उपदफा १,२, ३ र ४ वमोजिमको कारवाहीको सिफारिस गर्न देहाय वमोजिमको समिति रहनेछ ।

क. सुशासन तथा सार्वजनिक क्षमता विकास समिति संयोजक —संयोजक

ख. सामाजिक विकास समिति संयोजक- सदस्य

ग. सामाजिक विकास शाखा प्रमुख — सदस्य

घ. प्रशासन शाखा प्रमुख — सदस्य सचिव

१४. **<u>पुनरावेदनः</u>** दफा (१२) बमोजिम कार्यालयले गरेको अन्तिम निर्णय उपर चित्त नबुझेमा ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

१५. **<u>संस्थाको विघटन र त्यस्को परिणामः</u>**

(१) संस्थाको विधान बमोजिम कार्यसंचालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा संस्थाको जायजेथाले थामेसम्मको मात्र त्यस्तो दायित्व नगर कार्यपालिकाले व्यहोर्नेछ ।

१६. **<u>निर्देशिकाः</u>** यस कार्यविधिको कार्यन्वयन गर्न नगर कार्यापालिकाले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

१७. **<u>अधिकार प्रत्यायोजनः</u>** यो कार्यविधिको कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

१८. **<u>अन्य नेपाल कानून बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः</u>** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल कानून (संघिय तथा प्रादेशिक कानून)मा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही कानून बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१९. **<u>खारेजी र बचाउः</u>**

(१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निमार्ण गरेको कानून विपरीत भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुने छन् ।

(२) यस कानूनलाई प्रतिस्थापन हुने गरि अर्को कानून बनेर लागू नभएसम्म यसै कानून अनुसार भए गरेको मानिनेछ ।

## अनुसूची १

### दफा ४ (१) सँग सम्बन्धित

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
इनरुवा नगरपालिकाको कार्यालय,
इनरुवा, सुनसरी ।

विषयः संस्था दर्ता गरिपाउँ ।

महोदय,

प्रस्तुत विषयमा तपसिल बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरि संस्था दर्ताको लागि यो निवेदन पेश गरेको छु ।

**तपसिल**

१. संस्थाको नामः

२. संस्थाको कार्यालय रहने स्थान तथा ठेगानाः

**संलग्न कागजातहरु**

१. संस्थाको विधान (कार्यसमितिका सदस्यले तलमाथि हस्ताक्षर गरेको)

२. वडा कार्यालयको सिफारिस

३. सञ्चालक समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपि

४. संस्थाको छापको नमुना

५. संस्था दर्ता गर्ने निर्णयको प्रतिलिपि

६. प्रस्तावित संस्थाको सञ्चालक समितिको पदाधिकारीमा रहेर कार्य गर्न अयोग्य नरहेको व्यहोरा सहितको अनुसूची २ वमोजिमको स्वघोषणा (प्रत्येक कार्यसमिति सदस्यको)

निवेदक नामः अध्यक्षः हस्ताक्षरः

## अनुसूची २

### (दफा ४ सँग संवन्धित)

प्रस्तावित श्री............................संस्था दर्ता गर्न निवेदन दिने हामी तपसिल वमोजिमका आवेदकहरुले प्रचलित कानून सम्मत संस्था स्थापना गरि आफ्नो गाउँ समाजको सामाजिक उत्थान, पर्यावरण तथा परोपकारी कार्यहरुको विकास एवम विस्तार गर्ने प्रयोजन वाहेक व्यक्तिगत स्वार्थ नरहेको तथा प्रस्तावित संस्थाको सञ्चालक समितिको पदाधिकारीमा रहेर कार्य गर्न अयोग्य नरहेको व्यहोरा स्वघोषणा गर्दछौं ।

उपर्युक्त व्यहोरा ठिक साँचो हो झुटा ठहरे कानून वमोजिम सहुँला वुझाउँला भनि सहि छाप गर्ने ।

| सि.नं. | समिति पदाधिकारीको नाम/थर | ना.प्र.प्र. नं. र जारी मिति/जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

अनुसूची ३

(दफा ४(३) संग सम्वन्धित)

संस्था दर्ताको किताव

| दर्ता नं | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको कार्यसमिति सदस्यहरुको नाम ठेगाना र सहिछाप | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | |
| | | | | | | २ | | |
| | | | | | | ३ | | |
| | | | | | | ४ | | |
| | | | | | | ५ | | |
| | | | | | | ६ | | |
| | | | | | | ७ | | |
| | | | | | | ८ | | |
| | | | | | | १ | | |
| | | | | | | २ | | |
| | | | | | | ३ | | |
| | | | | | | ४ | | |
| | | | | | | ५ | | |
| | | | | | | ६ | | |
| | | | | | | ७ | | |
| | | | | | | ८ | | |

## अनुसूची ४

### दफा (४) सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
इनरुवा नगरपालिकाको कार्यालय,
इनरुवा, सुनसरी ।

विषयः संस्था नवीकरण गरिपाउँ ।

महोदय,

प्रस्तुत विषयमा तपसिल बमोजिमका विवरण तथा कागजातहरु संलग्न गरि संस्था नविकरणका लागि यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. संस्थाको निर्णय

२. वडा कार्यालयबाट प्रमाणीत संस्था अनुगमन फारम

३. अडिट रिपोर्ट, कर चुक्ता प्रमाणपत्र

निवेदक नामः अध्यक्षः हस्ताक्षरः मितिः

अनुसूची ५

दफा (४) सँग सम्बन्धित

# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इनरुवा, सुनसरी

कोशी प्रदेश, नेपाल

## संस्था दर्ता प्रमाणपत्र

द. नं. मितिः

श्री.....................................

........................................

इनरुवा नगरपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि, २०८१ को दफा (४) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित कानूनको परिधिमा रही सार्वजनिक हितमा आफ्ना गतिविधिहरु संचालन गर्नु हुन नगरपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

संस्थाको नाम

संस्थाको ठेगाना

कार्य क्षेत्र

प्रमाणपत्र जारी गर्नेको

सहीः...........................

नामः

पदः

कार्यलयको छाप

मितिः

(पुनस्चःसंस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गर्नुपर्ने देखीए/भए सोही ऐनअनुसार दर्ता गर्न पर्नेगरी यस कार्यालयमा संस्था दर्ता गरि दर्ता प्रमाणपत्र जारी गरिएको)अ

**नविकरण विवरण**

| नविकरण मिति | दर्ताको प्रमाणपत्र वहाल रहने मिति | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको नाम र पद | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**. संस्था दर्ता ऐन, २०३४ वमोजिम यस अघी दर्ता भई स्थापना भएका संस्थाहरुको दर्ता/नविकरणः गर्नुपरे विवरण खुलाउने :**

**आज्ञाले,**
**डिल्लीराज निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**